वायुसेवा निगमले काठमाडौं–दुबई दुईवटा उडान भर्ने

राजधानी समाचारदाता
काठमाडौं,९ चैत

नेपाल वायुसेवा निगमले काठमाडौं-दुबई रुटमा थप दुईवटा उडान भर्ने भएको छ। निगमले काठमाडौं-दुबई रुटमा बुधबार (भोलि) उडान भर्ने तालिका राखेको छ। दुबईबाट काठमाडौं आउनका लागि यही बिहीबार उडान भर्ने जनाएको छ।

यसैगरी, काठमाडौंबाट दुबई तर्फ अर्को उडान आगामी शुक्रबार राखिएको र सो विमानले शनिबार दुबईबाट काठमाडौं उडान भर्नेछ। निगमका अनुसार यी दुई उडान काठमाडौंबाट स्थानीय समय अनुसार राति ११ बजेर १५ मिनेटमा उड्ने छ।

जसका लागि गत २८ फेब्रुअरीदेखि मार्चसम्म टिकट लिएर यात्रा गर्न नपाएका हवाई यात्रुलाई विशेष प्राथमिकता दिइने निगमले स्पष्ट पारेको छ। यसमा पनि बुधबार र शुक्रबार अत्यावश्यक यात्रा गर्नुपर्ने यात्रुले पुनः टिकट प्रमाणीकरण गरेर मात्र यात्रा गर्न पाउने व्यवस्था गरिएको निगमले जनाएको छ।

यस रुटको यात्रा गर्ने हवाई यात्रुले विमानको सिट उपलब्धताका आधारमा पहिले सम्पर्क गर्ने यात्रुलाई पहिलो प्राथमिकताका आधारमा सहज व्यवस्था मिलाइएको निगमले जनाएको छ।

विगत तीन सातादेखि मध्यपूर्व क्षेत्रमा जारी युद्धको प्रभावका कारण हवाई सेवा बन्दभएसँगै हजारौं नेपाली कामदार दुबईबाट नेपाल फर्किन पाएका छैनन्। अहिले मध्यपूर्वमा चर्किएको युद्ध केही कम भएपनि निगमले सो क्षेत्रमा रहेका नेपाली यात्रु ओसार्नका लागि यी दुईवटा विशेष उडान भर्न लागेको हो।

सोमबार अमेरिका र इरानबीच भएको वार्ता सकारात्मक रहेको जनाउँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि हुने भनिएको उर्जा केन्द्रको सैन्य आक्रमण आगामी पाँच दिनका लागि स्थगित गरेका छन्।

सामाजिक सञ्जालमार्फत जानकारी दिँदै अमेरिकी राष्ट्रपति ट्रम्पले पछिल्ला दुई दिनमा भएको वार्ता निकै उपयोगी र रचनात्मक रहेको उल्लेख गर्दै मध्यपूर्व क्षेत्रको उर्जा केन्द्रमा गर्ने आक्रमण आगामी पाँच दिनका लागि स्थगित गरेको बताएका हुन्।

यसले हाल मध्यपूर्वमा जारी युद्धको तनाव समाधानतर्फ वार्ता अगाडि बढेको अमेरिकी राष्ट्रपति ट्रम्पको दाबी छ।

यसअघि, ट्रम्पले स्टेट अफ होर्मुज सम्पूर्ण मार्ग नखुलेमा इरानका इन्धन उर्जा संरचनामा आक्रमण गरि ध्वस्त पार्ने चेतावनी दिएका थिए।

केही दिनअघि मात्र अमेरिकाले इरानसंग युद्धविराममा जान इच्छुक नरहेको बताएका ट्रम्प अहिले वार्तामार्फत समाधानको उपाए खोज्न सकारात्मक भएपछि अब मध्यपूर्व क्षेत्रको युद्ध समाधान हुने संकेत देखिएको छ।

मुक्तिनाथ विकास बैंकद्वारा विद्यार्थीलाई झोला र स्टेसनरी वितरण

काठमाडौं/रास– मुक्तिनाथ विकास बैंकले 'अवसरको भर्याङ अभियान' सञ्चालन गरी आर्थिक रूपमा कमजोर विद्यार्थीलाई विद्यालय झोला र स्टेसनरी वितरण गरेको छ। बैंकले बालबालिकाको काँधमा केवल झोला मात्र नभइ सम्भावना, आत्मविश्वास र उज्ज्वल भविष्यको आशा पनि सुम्पेको जनाएको छ। अभियानसँगै बैंकले शिक्षालाई प्रोत्साहन गर्न विद्यालय पोशाकहरू तथा मेहनती तथा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै दुर्गमक्षेत्रको लगनशीलताको कदर गरेको सो बैंकले जनाएको छ। बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता पहलहरूलाई निरन्तरता दिँदै समुदायमा दिगो प्रभाव सिर्जना गर्ने प्रतिबद्धता जनाएको छ।

हालसम्म बैंकले सुर्खेत, कालिकोट, धनुषा लगायतका जिल्लामा गरि करिब पाँचसय भन्दा बढी विद्यालय झोलाहरू प्रदान गरिसकेको बताएको छ।

एनआइएचएस-आएमई लाइफ सहकार्य सम्झौता

काठमाडौं/रास– स्वास्थ्य सेवा र बिमा सुविधालाई थप प्रभावकारी र पहुँचयोग्य बनाउने उद्देश्यसहित नेसनल इन्टरनेसनल हेल्थ सर्भिस (एनआइएचएस) र आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबीच सहकार्य सम्झौता भएको छ।

यस सम्झौताअन्तर्गत एनआइएचएस र आइएमई लाइफ इन्स्योरेन्सले आफ्ना सेवा तथा सुविधाहरूलाई एकीकृत गर्दै सेवाग्राहीलाई सहज, विश्वसनीय र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य राखेका छन्।

विशेषगरी बिमित व्यक्तिहरूलाई स्वास्थ्य सेवामा सहुलियत, सहज पहुँच तथा विशेष सुविधाहरू प्रदान गरिने अपेक्षा गरिएको सो कम्पनीले जनाएको छ।

आइएमई लाइफ इन्स्योरेन्सले देशभर आफ्नो सेवा सञ्जाल विस्तार गर्दै ग्राहकलाई जीवन बिमा सेवामा पहुँच प्रदान गर्दै आएको सो कम्पनीले जनाएको छ। यस सहकार्यले बिमा र स्वास्थ्य सेवा क्षेत्रबीचको सम्बन्धलाई अझ मजबुत बनाउने विश्वास लिइएको छ।

सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रममा दुवै संस्थाका प्रतिनिधिहरूले यस साझेदारीले स्वास्थ्य तथा वित्तीय सुरक्षालाई एकसाथ अघि बढाउने बताएका छन्।

यस सहकार्यले आगामी दिनमा संयुक्त कार्यक्रम, स्वास्थ्य प्याकेज तथा विशेष छुट योजनाहरू सञ्चालन गर्न मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको सो कम्पनीले जनाएको छ। साथै, यसले स्वास्थ्य सेवा र बिमा क्षेत्रबीच समन्वय बढाउँदै सेवाग्राहीको समग्र अनुभव सुधार गर्ने विश्वास गरिएको सो कम्पनीले जनाएको छ।

यस साझेदारीलाई स्वास्थ्य सेवा र बिमा सेवाको एकीकृत विकासतर्फको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको कम्पनीले जनाएको छ।

मेन्छियाम हाईड्रोपावर लिमिटेड
Menchhiyam Hydropower Ltd.

रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. ३, महाराजगंज, काठमाण्डौं, फोन नं. ०१-४६८००६४
इमेल: menchhiyam@gmail.com वेबसाइट: www.menchhiyamhydro.com

साधारण शेयरको लक इन अवधि (Lock In Period) समाप्त हुने बारेको अत्यन्त जरुरी सूचना

नेपाल धितोपत्र बोर्डबाट प्राप्त निर्देशन अनुसार यस कम्पनीको नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कूल शेयर मध्ये तपसिलमा उल्लेखित संस्थापक शेयरधनी, सर्वसाधारणतर्फ आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरू र कर्मचारीहरूको स्वामित्वमा रहेको शेयरको लक-इन अवधी (Lock-In Period) देहाय बमोजिमको मितिमा समाप्त हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरू, नियमनकारी निकाय तथा सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	शेयर विवरण	लक-इन अवधिमा रहेको कूल शेयर संख्या	लक-इन अवधि समाप्त हुने मिति
१	संस्थापक शेयर संख्या	३,७९८,०८३ कित्ता	वि.सं. २०८३/०१/१२ गते (तद्नुसार सन् २०२६/०४/२५) पश्चात् ।
२	स्थानीय बासिन्दाहरूको शेयर संख्या	५०५,७८० कित्ता	
३	कर्मचारीहरूको शेयर संख्या	३,२४० कित्ता	

नोट: संचालक तथा कम्पनीको उच्च व्यवस्थापकिय पदमा कार्यरत कर्मचारीहरूको हकमा नियमानुसार शेयर रोक्का रहने छ।

शेयर रजिष्ट्रार:

NIC ASIA CAPITAL

एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोन: ०१-५००५९९४, फ्याक्स: ०१-५००५८४८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

धितोमा रहेको सम्पति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, पुतलीसडक शाखाको ७ दिने सार्वजनिक सूचना ॥

(प्रकाशित मिति : २०८२/१२/१० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिँदा बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना ०३ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल फाल्गुन महिना ०७ गते** तथा **मिति २०८२ साल भदौ महिना ०५ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** तथा **मिति २०८२ साल मंसिर महिना २४ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखित सूचनाको समयसीमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहनु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौंमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानीकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६४११४/७७/०७८ कायम भई मिति २०७८/०३/२० मा दर्ता भएको काठमाण्डौ जिल्ला, शङ्खरापुर न.पा. वडा नं. ०१ नाङ्लेभारे स्थित **आरबी पोल्ट्री फार्म प्रा.लि.** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	गोकुल कुमार वितालको छोरी, भोला बहादुर बस्ताकोटीको श्रीमती, सिन्धुपाल्चोक जिल्ला, थाङपालधाप गाविस वडा नं. ३ बस्ने **प्रमिला विताल** ।
२.	ऋषी प्रसाद बस्ताकोटीको नाति, डिहेराज बस्ताकोटीको छोरा, काठमाण्डौ जिल्ला, शङ्खरापुर न.पा. वडा नं. १ बस्ने **भोला बहादुर बस्ताकोटी** ।
धितो सुरक्षणको विवरण :	
भोला बहादुर बस्ताकोटीको नाममा मालपोत कार्यालय चाबहिल काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोकर्ण (गोकर्णेश्वर) गाविस/नपा वडा नं. ९ स्थित (नक्सा सिट नं. ९क) को कित्ता नं. १००७ को ०-२-३-० (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।	

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रु. ५००/- बुझाई (फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० **(दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५११५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौंमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय पुतलीसडकमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल चैत्र महिना १६ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल चैत्र महिना १८ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक
www.sanimabank.com

[illegible], नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-४९७००३३, फ्याक्स: +९७७-१-४४२८९६९, ईमेल: sanima@sanimabank.com

---

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय, हेटौंडा

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि कृत्रिम बौद्धिकता (Artificial Intelligence) र साइबर सुरक्षा (Cyber Security) सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना, २०८२

प्रथम पटक प्रकाशित मितिः २०८२।१२।१०

यस निर्देशनालयको चालु आ.व. ०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम **माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि कृत्रिम बौद्धिकता / साइबर सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि अनुदान** उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा **माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि कृत्रिम बौद्धिकता (Artificial Intelligence) र साइबर सुरक्षा (Cyber Security) सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा ७** बमोजिमका शर्त पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयहरूले मुल्याङ्कनका लागि आवश्यक कागजातका साथ यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस निर्देशनालयको email-edd.bagamati@gmail.com वा प्रत्यक्ष निर्देशनालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना सम्बन्धी विस्तृत विवरण र **माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि कृत्रिम बौद्धिकता र साइबर सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ वेबसाइट edd.bagamati.gov.np मा उपलब्ध छ।**

का. मु. महानिर्देशक

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९९७७/७८/८८, फ्याक्स: +९७७-१-५९९९९८०, टोल फ्री नं: १६६०-०१-६६६६६
सुझावको लागि: FB टाईप गरी ३२८८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं ।
सम्पर्क फोन: +९७७-१-०-५०८६५९००/०० (एक्सटेन्सन: १०८/१०७/१०६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण बापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.स	ऋणीको विवरण
१	**ऋणी फर्म : लव कुश फिकस ईंटा उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता: ओगेन्द्र मण्डल धानुक** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्रा.फ.नं. ६५५६/५४/०७६/०७७, दर्ता मिति: २०७६/०५/१८, ठेगाना: जिल्ला महोत्तरी, गौशाला न.पा. वडा नं. ३
	धितोको विवरण
	१) सिताई मण्डलको नाति, रामचन्द्र मण्डलको छोरा, महोत्तरी जिल्ला, विगौल गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. २ बस्ने ओगेन्द्र मण्डल धानुकको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, विगौल गा.वि.स. वडा नं. २/क (हाल गौशाला न.पा. वडा नं. २) स्थित कित्ता नं. ५० को क्षेत्रफल ०-५-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) राम प्रसाद मण्डल धानुककी छोरी, सीताई मण्डलकी बुहारी, रामचन्द्र मण्डलकी पत्नी, महोत्तरी जिल्ला, खुटापिपराडी गाउँ पञ्चायत वडा नं. ६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. २ बस्ने राजो देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, विगौल गा.वि.स. वडा नं. ३/ग (हाल गौशाला न.पा. वडा नं. २) स्थित कित्ता नं. २०३ र २०१ को क्षेत्रफल क्रमशः ०-२-० र ०-८-० (विगाहा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) राम प्रसाद मण्डल धानुककी छोरी, सीताई मण्डलकी बुहारी, रामचन्द्र मण्डलकी पत्नी, महोत्तरी जिल्ला, खुटापिपराडी गाउँ पञ्चायत वडा नं. ६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. २ बस्ने राजो देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, विगौल गा.वि.स. वडा नं. २/ग (हाल गौशाला न.पा. वडा नं. २) स्थित कित्ता नं. क्रमशः ५०४, ५१०, ५०८ र ५१२ को क्षेत्रफल क्रमशः ०-०-१-२, ०-०-८'', ०-०-०-१४ र ०-०-१'' (विगाहा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) लव कुश फिकस ईंटा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२	**ऋणी फर्म : राजबिर रेडिमेड फेन्सी एण्ड जेनरल स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : सुर्य नाथ महासेठ** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ४९१२, दर्ता मिति २०७२/११/३०, ठेगाना : जिल्ला सिरहा, फुलबारिया गा.वि.स. वडा नं. ४ क (हाल मिर्चैया न.पा. वडा नं. ६)
	धितोको विवरण
	१) स्यानी महासेठको नाति, राम लखन महासेठको छोरा, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.पं. वडा नं. ४ स्थायी ठेगाना भई (हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६) बस्ने सुर्य नाथ महासेठको नाममा भूमीसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स वडा नं. ६ क (हाल : मिर्चैया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३०३६ को क्षेत्रफल ०-०-१६-६ (विगाहा) को जग्गा तथा सिरहा जिल्ला, रामनगर गा.वि.स वडा नं. ४ क (हाल : मिर्चैया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४१६७ को क्षेत्रफल ०-०-१३ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) राजबिर रेडिमेड फेन्सी एण्ड जेनरल स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरू:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैयाँ एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२) प्राप्त बोलपत्रहरू बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागु हुनेछन् ।

धितोमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैंले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमूल्यांकन गरि बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।